नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
काठमाडौं
स्थापित वि.सं. १९९४
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय
धर्मपथ, काठमाडौं

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय

# प्रेस विज्ञप्ती

## नेपाल बैंक र पाटन हेल्थ ल्याब प्रा.लि. बिच सम्झौता

मिति २०८२ साल मंसिर २२ गते नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरु र बैंकमा खाता रहेका ग्राहकहरूलाई ललितपुर थसिखेलमा रहेको पाटन हेल्थ ल्याब प्रा.लि. मा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

सो सम्झौता बमोजिम नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरूलाई र बैंकमा खाता रहेका ग्राहकहरूलाई प्याथोलोजि ल्यावको विविध सेवा (Sample collection को लागि नि:शुल्क होम डेलिभरीको सुविधा सहित) र विभिन्न हेल्थ प्याकेज मा लाग्ने शुल्कहरूमा बिल रकमको १० प्रतिशत देखि ३० प्रतिशतसम्म छुट हुने व्यवस्था गरिएको छ ।

सो सम्झौता पत्रमा बैंकको तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रमुख श्री निर्मल सुवेदी र पाटन हेल्थ ल्याब प्रा.लि. को तर्फबाट प्रबन्ध निर्देशक श्री सरिता खड्काले हस्ताक्षर गर्नुभयो । यसबाट नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरू तथा बैंकमा खाता रहेका ग्राहकहरूले पाटन हेल्थ ल्याब प्रा.लि. बाट प्रदान गरिने सहुलियतपूर्ण स्वास्थ्यसेवाबाट लाभान्वित हुनेछन् ।

२०८२/०८/२२ गते सोमबार

भवदीय,

(प्रतिभा डंगोल)
प्रमुख सूचना अधिकारी

फोन : ०१ - ४२४७९९९, ४२३९८८८
टोल फ्री नं. : १६६००१३७३७३
नेपालको पहिलो बैंक
E-mail : info@nepalbank.com.np | Website : www.nepalbank.com.np